NATIONWIDE CHILDREN'S®
*When your child needs a hospital, everything matters.*

**Helping Hand™** *Health Education for Patients and Families*

# इबुप्रोफेन (Motrin®, Advil®)
# Ibuprofen (Motrin®, Advil®) (Nepali)

इबुप्रोफेन गैर-स्टेरोइडल सूजन विरोधी औषधीहरू (NSAIDs) नामक औषधी समूहमा पर्छ। यो हल्कादेखि मध्यम दुखाइ, सूजन (इन्फ्लेमेसन), र ज्वरोको उपचार गर्न प्रयोग गरिन्छ। ब्रान्ड नामहरू हुन् Motrin®, Advil®, Pediaprofen®, र Nuprin®. धेरै किराना पसलहरू र फार्मेसीहरूमा आफ्नै ब्रान्डको इबुप्रोफेन पाइन्छ।

इबुप्रोफेनले शरीरमा दुखाइ, सूजन, र ज्वरो निम्त्याउने रसायनहरूको उत्पादन रोक्दछ। एक मात्रा दिइएपछि, लक्षणहरू 30 देखि 60 मिनेटभित्र सुधार हुने अपेक्षा गरिन्छ।

इबुप्रोफेन तरल रूपमा, चपाउने ट्याब्लेट, तथा सामान्य ट्याब्लेट वा क्याप्सुलको रूपमा पाइन्छ। यसका विभिन्न strength हरू उपलब्ध छन्। सानो मात्रामा पाइने इबुप्रोफेन बिना प्रेस्क्रिप्सन किन्न सकिन्छ। ठूलो मात्राको लागि भने डाक्टरको प्रेस्क्रिप्सन आवश्यक पर्छ।

## चेतावनी

- आफ्नो बच्चालाई इबुप्रोफेन **नदिनुहोस्** यदि उनीहरू इबुप्रोफेन, एस्पिरिन, वा अन्य NSAIDs मा एलर्जी छन् भने।
- यदि तपाईंको बच्चालाई मिर्गौला रोगको इतिहास छ भने, डाक्टर वा स्वास्थ्य सेवा प्रदायकलाई भन्नुहोस्। केही अवस्थामा, यस्ता बिरामीहरूले इबुप्रोफेन न्यूनतम मात्रा र छोटो समयको लागि लिनुपर्छ।
- यदि तपाईंको बच्चालाई पेटको अल्सर वा पेटबाट रगत बग्ने इतिहास छ भने, डाक्टर वा स्वास्थ्य सेवा प्रदायकलाई भन्नुहोस्। यस्ता बिरामीहरूले इबुप्रोफेन न्यूनतम मात्रा र छोटो समयको लागि लिनुपर्छ। **सधैं** इबुप्रोफेन खाना वा दूधसँग दिनुहोस्।


©2006, संशोधित 2025, Nationwide Children's Hospital
जारी छ…

- डाक्टरले भनेको नभएमा 6 महिनाभन्दा साना बच्चाहरूलाई नदिनुहोस्।
- इबुप्रोफेनले छालामा र्याश ल्याउन सक्छ, जुन खतरनाक हुन सक्छ। छालामा रातोपन देखिएपछि डाक्टर वा स्वास्थ्य सेवा प्रदायकलाई सम्पर्क गर्नुहोस्।

## कसरी दिने

- तरल – प्रयोग गर्नु अघि औषधी हल्लाउनुहोस्।
  - बच्चालाई दिने उत्पादनको आधारमा सही आकारको सिरिन्ज वा कप प्रयोग गरिरहेकोमा सुनिश्चित गर्नुहोस्। सिरिन्ज र औषधी कप छुट्टै खरिद गर्न सकिन्छ वा फार्मेसी काउन्टर पछाडि उपलब्ध हुन सक्छ। (पृष्ठ 5 मा तालिका हेर्नुहोस्।)
- चपाउने ट्याब्लेट – चपाउनुहोस्, तरलमा घोल्नुहोस्, वा पुरै निल्नुहोस्।

| गर्नुहोस् | नगर्नुहोस् |
|---|---|
| – ठ्याक्कै डाक्टर वा स्वास्थ्य सेवा प्रदायकले भनेको मात्रा दिनुहोस्।<br>– **सधैं** खाना वा दूधसँग दिनुहोस्।<br>– बच्चाले पूरा औषधी निलेपछि मात्रै छाड्नुहोस्।<br>– सही मात्राका लागि डोजिङ सिरिन्ज वा मेडिसिन कप जस्ता बालमैत्री उपकरण प्रयोग गर्नुहोस्।<br>– लेबल ध्यानपूर्वक पढ्नुहोस् र सही मात्रा दिइरहनुभएको छ भन्ने सुनिश्चित गर्नुहोस्। | – 6 महिनाभन्दा कम उमेरका शिशुलाई औषधी नदिनुहोस्।<br>– नचपिने ट्याब्लेटलाई नक्रस गर्नुहोस्, नचपाउनुहोस्, नफोर्नुहोस्। यसले साइड इफेक्ट र पेटको समस्या निम्त्याउँछ।<br>– डाक्टर वा स्वास्थ्य सेवा प्रदायकलाई नबुझी 3 दिनभन्दा बढी औषधी नदिनुहोस्।<br>– खाना खाने चम्चाले तरल औषधी ननाप्नुहोस्।<br>– अँध्यारोमा औषधी नदिनुहोस्। कति दिइरहनुभएको हो हेर्न बत्ती बाल्नुहोस्। |

## यदि डोज वान्ता भयो भने

- ट्याब्लेट, क्याप्सुल, र चपाउने – यदि बच्चाले पूरा ट्याब्लेट वान्ता गर्यो वा थुक्यो भने, 15 देखि 30 मिनेट शान्त हुन दिनुहोस्। त्यसपछि उस्तै मात्रामा फेरि दिनुहोस्।
- तरल – यदि बच्चाले औषधी निलेर वान्ता गर्यो भने, फेरि अर्को मात्रा नदिनुहोस्। केही औषधी अझै पेटमा हुन सक्छ। अर्को मात्रा दिने समय कुरेर बस्नुहोस्।

## सम्भावित साइड इफेक्टहरू

- छाती पोल्ने समस्या
- मिर्गौलाको कार्यक्षमतामा परिवर्तन
- वाकवाकी लाग्ने
- वाक्नु
- छालामा दागहरू
- रगत सजिलै बग्नु

**यदि यस्ता लक्षण देखिन्छन् भने,** औषधी दिन बन्द गर्नुहोस् र आफ्नो बच्चाको स्वास्थ्य सेवा प्रदायकलाई सम्पर्क गर्नुहोस्।

**कहिले 911** मा फोन गर्ने

तपाईंको बच्चालाई एलर्जी प्रतिक्रियाको कुनै संकेत छ भने आपतकालीन मद्दतका लागि 911 मा फोन गर्नुहोस्:

- सास फेर्न समस्या हुनु
- जिब्रो सुन्निनु
- हात, खुट्टा, वा एङ्कल सुन्निनु

## डाक्टरलाई कहिले फोन गर्ने

यदि तपाईंको बच्चामा तलका लक्षण देखिन्छन् भने डाक्टर वा स्वास्थ्य सेवा प्रदायकलाई सम्पर्क गर्नुहोस्:

- रगत लागेको वा कालो, टार जस्तो दिसा
- गम्भीर छालाको र्याश
- रगत थुक्नु वा कफी ग्राउन्ड जस्तो पदार्थ थुक्नु
- ज्वरो 103°F (39.4°C) वा सोभन्दा बढी
- गम्भीर पेट दुखाइ
- अनपेक्षित निलो डाम वा रगत बग्ने समस्या
- कुनै पनि साइड इफेक्ट जो लगातार रहन्छ वा धेरै असहज हुन्छ
- ज्वरोको लागि लिइएको भए, 3 दिनभित्र ज्वरो नहट्नु

## औषधी र खाना बीचको अन्तरक्रिया

इबुप्रोफेन निम्नसँग सँगै नलिनुहोस्:

- **अल्कोहोल** – वाकवाकी , वान्ता, र पेटको अल्सर निम्त्याउन सक्छ। यो अत्यन्तै खतरनाक हुन्छ।

- **इबुप्रोफेन भएको ओभर**-द-काउन्टर औषधी – धेरै OTC औषधीहरू जस्तै खोकी र रुघाखोकी, एलर्जी, दुखाइ, र निद्राको समस्याका लागि प्रयोग हुने औषधीहरूमा इबुप्रोफेन समावेश हुन्छ। यदि तपाईंलाई थाहा छैन र तपाईंले छुट्टै इबुप्रोफेन पनि बच्चालाई दिनुभयो भने, अत्यधिक मात्रा जान सक्छ। उत्पादन दिनु अघि लेबल पढ्नुहोस् वा डाक्टर, स्वास्थ्य सेवा प्रदायक, वा फार्मासिस्टसँग सल्लाह गर्नुहोस्।
- **एस्पिरिन** – यदि तपाईंको बच्चा एस्पिरिन लिइरहेका छन् भने, इबुप्रोफेन नदिनुहोस्। दुवै औषधीले रक्तस्राव र पेटको अल्सरको जोखिम बढाउँछ।
- **भिटामिन र सप्लिमेन्ट**– इबुप्रोफेनसँग दिन मिल्छ कि छैन भनेर डाक्टर वा स्वास्थ्य सेवा प्रदायकसँग सोध्नुहोस्।

## औषधिको भण्डारण

- **सबै औषधिहरूलाई बालबालिका र घरपालुवा जनावरहरूले भेट्न नसक्ने स्थानमा राख्नुहोस्।**
- औषधीलाई फार्मेसीबाट आएको मूल बोतल वा प्याकेजिङमा नै राख्नुहोस्।
- बोतललाई कडा रूपमा बन्द राख्नुहोस् र यसलाई अँध्यारो, सुख्खा ठाउँमा भण्डार गर्नुहोस्। प्रकाश र आर्द्रताले औषधीलाई कम प्रभावकारी बनाउँछ।
- बोतलमा छापिएको म्याद समाप्त भएपछि यो औषधी प्रयोग नगर्नुहोस्।
- यो औषधि फ्रिजमा नराख्नुहोस्। यसलाई कोठाको तापक्रममा भण्डारण गर्नुहोस्।
- यसलाई बाथरूममा वा भान्साको सिङ्कभन्दा माथि नराख्नुहोस्।

## औषधी सुरक्षा











- यो औषधि तपाईंको बच्चाका लागि मात्र निर्धारित गरिएको छ। अरू कसैलाई पनि नदिनुहोस्।
- **यदि तपाईंको बच्चाले धेरै औषधी लिएका छन् वा कसैले तपाईंको बच्चाको औषधी खाएका छन् भने,** सबैभन्दा पहिले **Central Ohio Poison Center** लाई 1 (800) 222-1222 मा फोन गर्नुहोस् (TTY 614-228-2272)। उनीहरूले के गर्नुपर्छ भन्ने निर्देशन दिनेछन्।
- यदि तपाईंको बच्चामा कुनै अनौठो वा एलर्जिक प्रतिक्रिया देखिन्छ भने, डाक्टर, स्वास्थ्य सेवा प्रदायक, र फार्मासिस्टलाई जानकारी दिनुहोस्।
- प्याकेज खोलिएको भए यो औषधी प्रयोग नगर्नुहोस्।

- सबै औषधी बच्चा-प्रतिरोधी बोतलमा राख्नुहोस्। बच्चाहरू र पाल्तु जनावरको पहुँचभन्दा टाढा राख्नुहोस्।
- तपाईंको बच्चाको शिक्षक, विद्यालय नर्स, कोच, हेरचाहकर्ता, र अरूलाई उनी औषधी लिइरहेका छन् भन्ने र के साइड इफेक्टहरूमा ध्यान दिनुपर्ने हो भन्ने जानकारी दिनुहोस्।
- यदि डेकेयर वा स्कूलमा औषधी दिनु पर्ने हो भने, फार्मासिस्टसँग 2 वटा लेबल भएको बोतल माग्नुहोस्।
- जब तपाईं डाक्टरकहाँ जानुहुन्छ, आपतकालीन कक्ष जानुहुन्छ, वा अस्पताल भर्ना हुनुहुन्छ, **मूल बोतलमा** भएका सबै औषधीहरू सँगै ल्याउनुहोस्।
- सधैं तपाईंको बच्चाको औषधीहरूको अद्यावधिक सूची साथमा राख्नुहोस्। यसमा प्रेस्क्रिप्सन, ओभर-द-काउन्टर औषधीहरू, जडीबुटी र प्राकृतिक उत्पादनहरू, र सप्लिमेन्टहरू समावेश हुनुपर्छ।
- औषधीको नाम, हिज्जे, र मात्रा सिक्नुहोस्। साथै, यदि तपाईंको बच्चा पर्याप्त उमेरको छ भने सिकाउनुहोस्। डाक्टर वा फार्मासिस्टलाई फोन गर्दा तपाईंलाई यो जानकारी थाहा हुन आवश्यक छ।
- बाँकी बचेको औषधीलाई कफी ग्राउन्ड्स वा बिरालोको मलजस्तो अवाञ्छित सामग्रीसँग मिसाउनुहोस्। त्यसलाई नचुहिने कन्टेनर वा झोलामा राख्नुहोस्। त्यसपछि, बच्चा वा पाल्तु जनावरको पहुँचबाट टाढा फ्याँक्न सकिने फोहोरमा हाल्नुहोस्। तपाईं पुराना औषधीहरू कुनै पनि Nationwide Children’s Hospital को फार्मेसी स्थानमा सामान्य व्यावसायिक समयभित्र ल्याउन पनि सक्नुहुन्छ।

# तरल इबुप्रोफेनको मात्रा निर्धारण

## महत्वपूर्ण

- यो औषधी विभिन्न रंग, शक्ति, र आकारमा आउँछ।
- **दिँदा सधैं मात्रालाई ध्यानपूर्वक जाँच गर्नुहोस्।** वजनअनुसारको मात्रा पाउन्ड (lbs) वा किलोग्राम (kg) मा हुन सक्छ।
- डोजको आधारमा तपाईंलाई फार्मेसीबाट फरक सिरिन्ज आवश्यक पर्न सक्छ।

| वजन | उमेर | शिशुहरूका लागि आइबुप्रोफेन ड्रपहरू (50 mg/1.25 mL) | बालबालिकाको लागि तरल आइबुप्रोफेन (100 mg/5 mL) |
|---|---|---|---|
| ** सम्भव भएमा, मात्रा निर्धारणका लागि वजन प्रयोग गर्नुहोस्; नभए उमेर प्रयोग गर्नुहोस्।** | | | |
| **0 देखि 11 lbs** (अधिकतम 5 kg) | **0 देखि 5 महिनासम्म** | **6 महिनाभन्दा कम उमेरका बच्चाहरूलाई इबुप्रोफेन नदिनुहोस्।** | |
| | | **प्याकेजमा दिइएको सिरिन्ज प्रयोग गर्नुहोस्** | **फार्मेसीबाट सिरिन्ज प्राप्त गर्नुहोस्** |
| **12 देखि 17 lbs** (5 देखि 7 kg) | **6 देखि 11 महिनासम्म** | **1.25 mL**  | **2.5 mL**  |
| **18 देखि 23 lbs** (8 देखि 10 kg) | **12 देखि 23 महिनासम्म** | **1.875 mL**  | **4 mL**  |
| **24 देखि 35 lbs** (11 देखि 15 kg) | **2 देखि 3 वर्षसम्म** | | **5 mL**  |
| | | | **प्याकेजमा दिइएको कप प्रयोग गर्नुहोस्** |
| **36 देखि 47 lbs** (16 देखि 21 kg) | **4 देखि 5 वर्षसम्म** | | **7.5 mL**   |
| **48 देखि 59 lbs** (22 देखि 26 kg) | **6 देखि 8 वर्षसम्म** | | **10 mL**   |
| **60 देखि 71 lbs** (27 देखि 32 kg) | **9 देखि 10 वर्षसम्म** | | **12.5 mL**   |
| **72 देखि 87 lbs** (33 देखि 43 kg) | **11 वर्ष** | | **15 mL**   |
| **88 lbs वा बढी** (40 kg वा बढी) | **12 वर्ष वा सोभन्दा बढी** | | **20 mL (10 mL + 10 mL)**   **र**   |

*इबुप्रोफेन बालबालिकाका चपाउने ट्याब्लेट र वयस्क ट्याब्लेटका लागि पछाडिको पृष्ठ हेर्नुहोस्।* →

## इबुप्रोफेन ट्याब्लेटहरू

**महत्वपूर्ण**

- यो औषधी विभिन्न रंग, शक्ति, र आकारमा आउँछ।
- **दिँदा सधैं मात्रालाई ध्यानपूर्वक जाँच गर्नुहोस्।**
- वजनअनुसारको मात्रा पाउन्ड (lbs) वा किलोग्राम (kg) मा हुन सक्छ।

| वजन | उमेर | बालबालिकाको आइबुप्रोफेन चपाउन मिल्ने ट्याब्लेटहरू (100 mg) | इबुप्रोफेन ट्याब्लेटहरू (200 mg) |
|---|---|---|---|
| ** सम्भव भएमा, मात्रा निर्धारणका लागि वजन प्रयोग गर्नुहोस्; नभए उमेर प्रयोग गर्नुहोस्। ** | | | |
| **0 देखि 11 lbs** (अधिकतम 5 kg) | **0 देखि 5 महिनासम्म** | **6 महिनाभन्दा कम उमेरका बच्चाहरूलाई इबुप्रोफेन नदिनुहोस्।** | |
| **12 देखि 17 lbs** (5 देखि 7 kg) | **6 देखि 11 महिनासम्म** | **6 देखि 23 महिनासम्मका बच्चाहरूलाई गिलाउने जोखिमका कारण ट्याब्लेट नदिनुहोस्।** | |
| **18 देखि 23 lbs** (8 देखि 10 kg) | **12 देखि 23 महिनासम्म** | | |
| **24 देखि 35 lbs** (11 देखि 15 kg) | **2 देखि 3 वर्षसम्म** | **1 ट्याब्लेट** | |
| **36 देखि 47 lbs** (16 देखि 21 kg) | **4 देखि 5 वर्षसम्म** | **1 ½ ट्याब्लेट** | |
| **48 देखि 59 lbs** (22 देखि 26 kg) | **6 देखि 8 वर्षसम्म** | **2 ट्याब्लेट** | **1 ट्याब्लेट** |
| **60 देखि 71 lbs** (27 देखि 32 kg) | **9 देखि 10 वर्षसम्म** | **2 ½ ट्याब्लेट** | **1 ट्याब्लेट** |
| **72 देखि 87 lbs** (33 देखि 43 kg) | **11 वर्ष** | **3 ट्याब्लेट** | **1 ट्याब्लेट** |
| **88 lbs वा बढी** (40 kg वा बढी) | **12 वर्ष वा सोभन्दा बढी** | **4 ट्याब्लेट** | **2 ट्याब्लेट** |